नेपाल सरकार

# शिक्षा मन्त्रालय

फोन नं. {

(............................................................ शाखा)

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

## प्रेस विज्ञप्ति

राष्ट्रिय चिकित्सा शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक व्यवस्थापिका संसदमा पेश भई विचाराधिन रहेकै अवस्थामा त्रिभुवन विश्वविद्यालय, चिकित्सा शास्त्र अध्ययन संस्थानका प्रा. डा. गोविन्द के.सी.ले हिजोदेखि प्रारम्भ गर्नु भएको अनसनका सम्बन्धमा यस मन्त्रालयको ध्यानाकृष्ट भएको छ । उक्त विधेयकका सम्बन्धमा हिजो मिति २०७४ असोज ९ गते माननीय उपप्रधानमन्त्री एवम् शिक्षा मन्त्रीज्यूको पहलमा डा. के.सी.द्वारा प्रस्तुत मागहरूलाई समेत दृष्टिगत गरी पुनः छलफल गर्न सकिने गरी हाल उक्त विधेयक व्यवस्थापिका संसदको कार्यसूचीबाट हटाइएको व्यहोरा यसै विज्ञप्ति मार्फत जानकारी गराइन्छ ।

राष्ट्रिय चिकित्सा शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा आवश्यक र औचित्यपूर्ण परिमार्जनको सम्भावना अझै विद्यमान रहेको अवस्थामा सोही विषयलाई लिएर अनशन बस्नु औचित्यपूर्ण नरहेको साथै महान चाड दशैंको संघारमा अनशन बस्नु कुनैपनि दृष्टिकोणले शोभनीय र व्यावहारिक नरहेको तथ्यलाई मनन गरी आफ्नो अनशनको कार्यक्रमलाई अविलम्ब अन्त्य गर्नुहुन प्रा. डा. गोविन्द के.सी.लाई हार्दिक आग्रह गर्दछौं ।

(शान्तबहादुर श्रेष्ठ)
सचिव एवम् वार्ता समिति संयोजक